September 19th, 2025 Friday

National Nepali

प्रमुख समाचार

१. सबै प्रकारका आतंकवाद विरुद्धको लडाइँलाई बलियो र तीव्र बनाउन विश्वलाई भारतको आह्वान
२. प्रधानमन्त्री नरेन्द्र मोदी र ग्रीसका प्रधानमन्त्री किरियाकोस मित्सोताकिसबीच टेलिफोन संवाद
३. रक्षामन्त्री राजनाथ सिंह भारत-पाकिस्तान युद्धको ६० औं वार्षिकोत्सवमा सरिक
४. प्रसिद्ध आसामी गायक जुबीन गर्गको आज सिंगापुरमा स्कुबा डाइभिङ दुर्घटनामा निधन
५. एसिया कप क्रिकेटमा, भारतले आज साँझ अबुधाबीमा हुने समूह ए को अन्तिम खेलमा ओमानको सामना गर्ने

## १. MEA

भारतले सबै प्रकारका आतंकवाद विरुद्धको लडाइँलाई बलियो र तीव्र बनाउन विश्वलाई आह्वान गरेको छ। भारतले आतंकवादी र पाकिस्तानी सरकार र सेना बीचको सम्बन्धको बारेमा विश्वलाई थाहा भएको बताउनुभएको छ। पाकिस्तानमा आतंकवादी संगठनहरूको पछिल्लो भिडियोमा सोधिएको प्रश्नको जवाफ दिँदै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले यस्ता घटनाहरूले अवस्थालाई अझ चिन्ताजनक बनाएको बताउनुभयो । नेपालको प्रसंगमा बोल्दै श्री जयसवालले भन्नुभयो, भारतले सुशीला कार्कीको नेतृत्वमा नेपालमा नयाँ अन्तरिम सरकार गठनको स्वागत गर्दछ। उहाँले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीमती कार्कीसँग कुराकानी गर्नुभएको छ र शान्ति र स्थिरता पुनर्स्थापित गर्ने उहाँको प्रयासप्रति भारतको बलियो समर्थनलाई पुन: पुष्टि गरेको छ।

## २. PM – Greece

प्रधानमन्त्री नरेन्द्र मोदीले ग्रीसका प्रधानमन्त्री किरियाकोस मित्सोताकिससँग टेलिफोन संवाद गर्नुभयो। दुवै नेताले भारत-ग्रीस रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने आफ्नो प्रतिबद्धता दोहोर्‍याउनुभयो। संवादको क्रममा व्यापार, लगानी, प्रविधि, ढुवानी, रक्षा, सुरक्षा, सम्पर्क

सुविधा जस्ता क्षेत्रहरूमा द्विपक्षीय सम्बन्धमा भएको विकासको स्वागत गरिएको छ । दुवै नेताले पारस्परिक हितका क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि विचार आदानप्रदान गर्नुभयो ।

## ३. Rajnath Singh – India – Pak War

रक्षामन्त्री राजनाथ सिंहले भन्नुभएको छ, रक्षा बलले अपरेशन सिन्दूर मार्फत शत्रुलाई उचित जवाफ दिने भारतको क्षमता प्रदर्शन गरेको छ। सन् १९६५ को भारत-पाकिस्तान युद्धको ६० औं वार्षिकोत्सव मनाउन नयाँ दिल्लीमा आयोजित एक स्मृति समारोहमा युद्धका दिग्गजहरूलाई सम्बोधन गर्दै उहाँले यस्तो भन्नुभएको हो ।

## ४. Shivraj Singh Chauhan

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज ट्र्याक्टर र कृषि उपकरणमा जीएसटी दरमा भएको कटौतीबाट किसानहरूले प्रत्यक्ष लाभ लिनुपर्ने बताउनुभयो । नयाँ दिल्लीमा कृषि मेसिनरी र उपकरणका प्रतिनिधिहरूसँगको बैठकको अध्यक्षता गर्दै, श्री चौहानले जीएसटी दर १२ वा १८ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा पुर्‍याउँदा ट्र्याक्टर र मेसिनरीमा उल्लेखनीय कमी आउने कुरामा जोड दिनुभयो। पत्रकारहरूलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, यो लाभ बीचैमा त्याग्नु हुँदैन र किसानहरूले सेप्टेम्बर २२ देखि प्रत्यक्ष लाभ पाउनुपर्छ।

## ५. PM – Sikh Delegation

प्रधानमन्त्री नरेन्द्र मोदीले आज सिख प्रतिनिधिमण्डललाई भेट्नुभयो। प्रतिनिधिमण्डलले पवित्र जोर साहिबमा श्री गुरु गोविन्द सिंह र माता साहिब कौरका पवित्र अवशेषहरूको सुरक्षाको लागि सिफारिसहरू पेश गऱ्यो। सामाजिक सञ्जाल पोस्टमा प्रधानमन्त्री मोदीले पवित्र अवशेषहरू सिख इतिहासको लागि आध्यात्मिक रूपमा महत्त्वपूर्ण रहेको बताउनुभयो ।

## ६. Kiren Rijuju -  Future Frontiers Conclave

संसदीय मामिला मन्त्री किरेन रिजिजुले २०४७ सम्ममा विकसित भारतको लक्ष्य हासिल गर्न महिला र युवाहरूको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभएको छ। नयाँ दिल्लीमा आयोजित क सम्मेलनलाई सम्बोधन गर्दै श्री रिजिजुले महिला नेतृत्वको विकास सरकारको एजेन्डाको प्रमुख विषय भएको बताउनुभयो । उहाँले भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने बाटोमा रहेको बताउनुभयो । उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले उल्लेखनीय प्रगति गरेको  उल्लेख गर्नुभयो ।

## ७. Seva Parva – Women Empowerment

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकार सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित छ, जसले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ।  "सेवा पर्व" अन्तर्गत मोदी सरकारले देशभर महिला सशक्तिकरणलाई कसरी बलियो बनाएको छ ।

## ८. ECI – Political Parties

निर्वाचन आयोगले मापदण्ड उल्लङ्घन गरेको आरोपमा दर्ता नभएका र मान्यता नपाएका ४७४ राजनीतिक दलहरूलाई सूचीबाट हटाएको छ। यी दलहरूले २०१९ देखि एउटा पनि चुनाव लडेका छैनन्, जसले गर्दा आयोगले यो निर्णय गरेको हो। यस प्रक्रियाको पहिलो चरणमा, आयोगले गत महिना ३३४ राजनीतिक दलहरूलाई सूचीबाट हटाएको थियो। पछिल्लो दुई महिनामा, आयोगले यस्ता ८०८ राजनीतिक दलहरूलाई सूचीबाट हटाएको छ।

## ९. Jubin Garg Death

प्रसिद्ध आसामी गायक जुबीन गर्गको आज सिंगापुरमा स्कुबा डाइभिङ दुर्घटनामा निधन भयो। जुबीन पूर्वोत्तर महोत्सवमा भाग लिन सिंगापुरमा थिए, जहाँ आज उनको प्रस्तुति दिने कार्यक्रम थियो। जुबीनले मुख्यतया आसामी, बंगाली र हिन्दी चलचित्र र संगीत उद्योगमा काम गरेका छन्। उनले ४० भन्दा बढी भाषाहरूमा गीत गाएका छन्।

## १०. IMD – Weather

मौसम विभागले आज अण्डमान र निकोबार टापुहरू, उप-हिमालयी पश्चिम बंगाल र सिक्किमका एकाध स्थानहरूमा भारी वर्षाको चेतावनी जारी गरेको छ। विभागले बिहार, उत्तराखण्ड, मध्य प्रदेश, कोंकण, गोवा, तमिलनाडु, पुडुचेरी र कराइकलमा पनि भारी वर्षाको चेतावनी जारी गरेको छ।

## ११. Sports News

अब खेल प्रसंगः भारतले आज एसिया कप टी-२० क्रिकेट प्रतियोगिताको समूह ए को अन्तिम खेलमा ओमानको सामना गर्नेछ। खेल भारतीय समय अनुसार राति ८:०० बजे अबुधाबीमा खेलिनेछ। भारत दुई खेलबाट चार अंकसहित सुपर फोरको लागि छनोट भइसकेको छ। ब्याडमिन्टनमा, पीभी सिन्धु चाइना मास्टर्सबाट बाहिरिएकी छिन्। आज क्वार्टरफाइनलमा, दक्षिण कोरियाकी एन से योङ्ले सिन्धुलाई पराजित गरिन्। पुरुष युगलको क्वार्टरफाइनलमा, सात्विकसाईराज रन्किरेड्डी र चिराग शेट्टीको जोडीले आज चीनका रेन सियाङ यु र शि हाओ नानसँग प्रतिस्पर्धा गर्नेछन्। खेल भारतीय समय अनुसार राति ९:१५ बजे सुरु हुनेछ।